| | |
|---|---|
| बैठक संख्या | : ४३औं (९औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७४ साल मंसिर १५ गते |
| बैठकको अध्यक्षता | : श्री मञ्जु कुमारी खड्का |
| समिति | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय |
| बैठक | : केन्द्रीय कार्य समितिको बैठक |

**उपस्थिति,**

| | |
|---|---|
| श्री मञ्जु कुमारी खड्का | अध्यक्ष |
| श्री हीरासिंह थापा | निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | उपाध्यक्ष |
| श्री नैनबहादुर शाही | महासचिव |
| श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | सदस्य |
| श्री सूर्यबहादुर शाही | सदस्य |
| श्री सुमिक्षा चन्द | सदस्य |
| श्री कल्पना थापा | सदस्य |
| श्री धनलक्ष्मी वादी | सदस्य |
| श्री डम्बरबहादुर कार्की | कार्यकारी निर्देशक |
| श्री बसन्त श्रेष्ठ | निर्देशक |

**निर्णय नं. १,**

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ४२औं बैठक अवधि देखि यस बैठक अवधि विच संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गर्ने क्रममा आठबिस नगरपालिकामा फिल्ड कार्यालय सम्पर्क व्यक्ति राख्नुपर्ने, जिल्ला प्रहरी कार्यालय दैलेखमा सेवाग्राहीबाट आएका गुनासो, एम्बुलेन्स व्यवस्थापन, कार्यालयको प्रशासन व्यवस्थापन जस्ता विषयहरुको बारेमा सहभागितात्मक रुपमा छलफल गरियो ।

निर्णय नं. २

यस संस्थाको केन्द्रीय कार्य समितिको अघिल्लो बैठकमा भए गरेका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा छलफल गरी सबै निर्णयहरु कार्यान्वयन भएको समिक्षा गरियो ।

निर्णय नं. ३

यस संस्थाको संस्थागत मूल्यांकन (Organizational Assessment) कार्य ९ र १० पौष, २०७४ मा सञ्चालन गर्ने र सो कार्यमा सहजिकरणको लागि सेभ द चिल्ड्रेनसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

डिसिए र यस संस्थाको साझेदारीमा संचालित साकार परियोजना अन्तर्गतको कृषकहरुको अध्ययन भ्रमण १ पौष, २०७४ देखि शुरु गर्ने र सो भ्रमणमा संस्थाको कार्यसमितिका पदाधिकारीहरु अध्यक्ष बाहेक सबै पदाधिकारीहरु उक्त भ्रमणमा सहभागि हुने निर्णय गरियो ।

निर्णय नं. ५

यस संस्थाद्धारा संचालित परियोजना तथा संस्थामा कार्यरत सिनियर कर्मचारीहरुको मासिक बैठक नियमित नभएको सन्दर्भमा यस बैठकमा छलफल गर्दा उक्त सिनियर स्टाफ बैठक नियमित रुपमा सञ्चालन गर्नका लागि यस संस्थाका निर्देशकलाई निर्देशन दिने र सिनियर कर्मचारीहरुको बैठकको प्रतिवेदन आगामी कार्यसमिति बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

संस्थाद्धारा संचालित सम्पूर्ण कार्यक्रम तथा परियोजनाका मासिक बैठकमा डकुमेण्टेशन, जेसी, बालहेल्पलाईन, मिल र लेखाका प्रमुख तथा सम्पर्क व्यक्तिहरु मासिक बैठकमा उपस्थिति नभएको सन्दर्भमा यस बैठकमा छलफल गर्दा अनिवार्य रुपमा माथि उल्लेखित जिम्मेवारी भएका व्यक्तिहरु सबै परियोजन तथा कार्यक्रमका बैठकहरुमा अनिवार्य उपस्थितिका लागि संस्थाको निर्देशक मार्फत जानकारी गराउने साथै ति जिम्मेवारी भएका व्यक्तिहरुले आ-आफ्नो कार्यक्रमको साथै जिम्मेवारी भएको विषयहरुका बारेमा मासिक प्रतिवेदन तयार गरी कार्यकारी निर्देशक मार्फत संस्थाको कार्य समितिमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं

यस संस्थामा रिक्त रहेको बरिष्ठ मिल अधिकृतको पदमा पदपूर्तिका लागि यस संस्थाको पदपूर्ति समिति मार्फत सिफारिस भै आएका अमृत तिमिल्सेनालाई तपसिल बमोजिमको सेवा सुविधा दिने गरी तपसिल बमोजिम नियुक्ति दिने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | सञ्चार | हार्डसीप | जम्मा | नियुक्ती लागुहुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अमृत तिमिल्सेना | बरिष्ठ मिल अधिकृत | ३५०००।- | ३५००।- | ५००।- | ५०००।- | ४४०००।- | १ डिसेम्बर, २०१७ देखि ३१ डिसेम्बर, २०१७ | |

निर्णय नं. ८

यस संस्थाको रणनैतिक योजनालाई डिसेम्बर २०१७ भित्र अन्तिम रुप दिने र संस्थामा रहेका विभिन्न शाखागत संरचनामा पूनः संरचना गरी कम्तिमा हरेका शाखामा सहायक निर्देशक पद रहने गरी व्यवस्था गर्ने र आगामी

बैठकबाट हरेक शाखा हेर्ने व्यक्तिलाई सोही बमोजिमको जिम्मेवारी दिने गरी कार्य गर्न सिनियर कर्मचारी बैठकमा छलफल गरी कार्य समितिमा पेश गर्न निर्देशकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ९

सेभ द चिल्ड्रेनसंगको साझेदारीमा यस संस्थाद्धारा सञ्चालित सहयात्रा परियोजना अन्तर्गत गुरांस गाउपालिकाको वडा नं. ३ र ६ का ४ वटा विद्यालयमा केही दिन देखि बालिकाहरु मूर्छा पर्ने समस्या देखिन आएकोले सो सम्बन्धमा सेभ द चिल्ड्रेनसंगको समन्वयमा मनोसामाजिक परामर्शकर्ता परिचालन गर्ने सहमति अनुसार तपसिल बमोजिमका मनोसामाजिक विमर्शकर्ताहरुलाई तपसिल बमोजिम नियुक्ती दिई परिचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | सञ्चार | हार्डसीप | जम्मा | नियुक्ती लागुहुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तारा गिरी | मनोसामाजिक परामर्शकर्ता (Counselor) | २५०००।- | ०।- | ०।- | ५०००।- | ३००००।- | २६ नोभेम्बर, २०१७ देखि ३१ डिसेम्बर, २०१७ | |
| २ | निर्मला विसी | मनोसामाजिक परामर्शकर्ता (Counselor) | २५०००।- | ०।- | ०।- | ५०००।- | ३००००।- | २६ नोभेम्बर, २०१७ देखि ३१ डिसेम्बर, २०१७ | |

निर्णय नं. १०

ज्वालामुखी स्मारिकामा प्रकाशन भएको विहेबारी २० बर्ष पारी भन्ने बाल विबाह विरुद्धको चेतनामूलक सन्देश प्रकाशित भएकोमा सोसंग सम्बन्धित परियोजना र कार्यक्रममा सम्भव भए सोहीबाट र बाकी रकम संस्थाको आन्तरिक कोषबाट भुक्तानी हुने गरी रु. १५०००।- (पन्ध्रहजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

यस सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेखले अपांगता सम्वन्धी गतिविधिहरु तथा कार्यक्रमहरु सञ्चालन गरिरहेको सन्दर्भमा संस्थाले रिक्त रहेको कार्य समिति सदस्य पदमा अपांगता भएका महिलाबाट सदस्य पदमा मनोनित गर्ने र संस्थाको कर्मचारी संरचनामा एक जना अपांगता भएको कर्मचारी राखी सोही व्यक्तिलाई अपांगता सम्वन्धी फोकल पर्सनको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १२

संस्थाद्धारा संचालित एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा संचालन तथा रेखदेखका लागि संस्थाको कोषाध्यक्ष दुर्गा श्रेष्ठको संयोजकत्वमा तपसिल बमोजिमको बाल हेल्पलाईन १०९८ (दश नौ आठ) अन्तर्गत रहने गरी एमबुलेन्स सेवा व्यवस्थाप समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक दुर्गा श्रेष्ठ

सदस्य धन लक्ष्मी बादी

सदस्य टिकाराम सापकोटा

सदस्य माया राना

सदस्य सचिव रमा श्रेष्ठ